# स्थानीय राजपत्र

**ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित**

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष ९ गते, २०७९ साल (संख्या १२

# भाग १

## स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

**नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल**

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको
सूचना

ईन्द्रावती गाउँपालिका गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नगर प्रहरी गठन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९

# नगर प्रहरी गठन, संचालन तथा व्यवस्थापन ऐन, २०७९

**प्रस्तावना:** नगर प्रहरी संचालन, तथा व्यवस्थापनवाट ईन्द्रावती गांउपालिकालाई समग्र पक्षको विकासको मुलप्रवाहमा ल्याई समृद्ध ईन्द्रावती गाउँपालिकाको विकास निर्माणका लागि नगर प्रहरी संचालन, तथा व्यवस्थापन गर्न आवश्यक भएकाले "नेपालको संविधान २०७२ को धारा २२१" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम गाउँपालिकाको मिति २०७९/०९/०९ को दोस्रो गाउँसभाको तेस्रो (हिउदे) अधिवेशनवाट नगर प्रहरी संचालन, तथा व्यवस्थापन गर्न वनेको ऐन २०७९ पारित गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम " **नगर प्रहरी गठन, संचालन तथा व्यवस्थापन ऐन २०७९"** रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **"गाउँपालिका"** भन्नाले ईन्द्रावती गाउँपालिका सम्झनु पर्छ ।

(ख) **"अध्यक्ष"** भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ग) **"वडाध्यक्ष"** भन्नाले ईन्द्रावती गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "**सभा"** भन्नाले गाउँ सभालाई सम्झनुपर्छ ।

(च) **"ऐन"** भन्नाले ईन्द्रावती गाउँपालिकाको " नगर प्रहरी संचालन, तथा व्यवस्थापन गर्न वनेको ऐन २०७९"सम्झनुपर्छ ।

(छ) **"मुख्य कार्यालय"** भन्नाले ईन्द्रावती गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) **"समिति"** भन्नाले ईन्द्रावती गाउँपालिकाको पदपूर्ति समितिलाई सम्भनु पर्दछ ।

(झ) **" नगर प्रहरी"** भन्नाले ईन्द्रावती गाउँपालिकाबाट नियुक्त नगर प्रहरीका सदस्यलाई सम्भनु पर्दछ ।

(ञ) **"परिवार"** भन्नाले नगर प्रहरीका सदस्यसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने सदस्यको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वासौतेनी आमा सम्भनु पर्दछ र सो शब्दले पुरुष सदस्यको हकमा निजको बाजे, वज्यै तथा महिला सदस्यको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

(ट) **"भत्ता"** भन्नाले ईन्द्रावती गाउँपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्भनु पर्दछ ।

(ठ) **"आर्थिक वर्ष"** भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्भनु पर्दछ ।

(ड) **"सदस्य"** भन्नाले नगर प्रहरीका अधिकृत र जवानलाई सम्भनु पर्छ ।

**३) ऐनको व्याख्या गाउँसभाले गर्ने :** क) कुनै अधिकारीले यस ऐन प्रयोग गर्दा नगर प्रहरीका सदस्यलाई मर्का परेमा निजले गाउँसभा समक्ष निवेदन दिन सक्नेछ ।

## परिच्छेद २

## नगरप्रहरीको गठन रेखदेख र नियन्त्रण

**४) नगरप्रहरीको गठन :** (क) गाउँपालिकामा एक नगर प्रहरी रहने छ । नगर प्रहरीको गठन र त्यसमा रहने नगर प्रहरीका सदस्यहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

**५) गाउँपालिकामा रहने नगर प्रहरीका सदस्यहरुको पद र तह :**

१) गाउँपालिकामा रहने नगर प्रहरीका सदस्यहरुको पद र तह तोकिए वमोजिम हुनेछ ।

२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरीका प्रमुख लगायत जवानहरुको कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ३
## नगर प्रहरीको कर्तव्य र अधिकार

**६) नगर प्रहरीका सदस्यहरुको काम, कर्तव्य र अधिकार :** (१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(२) गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

(३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको देखिएमा निर्माण कार्य रोक्का गरी निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(४) गाउँपालिका क्षेत्रमा नक्शापासको प्रमाण पत्र लिएर मात्र घर तथा भवन निर्माण कार्य गर्न सहयोय गर्ने ।

(५) गाउँपालिकाको निर्देशन तथा मदिरा नियन्त्रण तथा नियमन समितिसंगको समन्वयमा गांउपालिका क्षेत्रभित्र मदिरा नियन्त्रण सम्वन्धि गर्नुपर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

(६) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न

लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(८) गांउपालिका क्षेत्रभित्र रहेका सामुदायीक वन, राष्टीय वन लगाएत अन्य वन पैदावारहरुको संरक्षण, संवर्द्धन गर्ने । खालि जग्गामा वृक्षारोपण गर्ने । अनियमित जडिवुटी ओसार पसार, वन फडानी जस्ता कार्यलाइ पुर्णतः नियन्त्रण गर्ने ।

(९) गांउसभावाट पारित आर्थिक ऐनको परिधिभित्र रही गांउपालिका क्षेत्रभित्रको कर तथा राजश्व असुली कार्यमा सहयोग गर्ने ।

(१०) वडा समिति, टोल विकास समिति, तथा सामुदायिक प्रहरी सँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने ।

(११) गाउँकार्यपालिका, विषयगत समिति, उपसमिति, विभाग तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(१२) गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(१३) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(१४) गांउपालिकाले लिएका निति तथा कार्यक्रमहरु, गांउपालिकावाट निर्मित तथा विनियोजित योजना/आयोजना कार्यान्वयन गर्ने, त्यस प्रकारका कार्यमा सहयोग तथा सहजिकरण गर्ने ।

(१५) गाउँपालिका क्षेत्रमा विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोन साईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

(१६) गाउँपालिका क्षेत्रभित्र नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(१७) गाउँपालिका क्षेत्रभित्र होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(१८) गाउँपालिका क्षेत्रभित्र निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(१९) गाउँपालिका क्षेत्रभित्र विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(२०) गाउँपालिका अर्न्तगतका विभाग, शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(२१) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ४
## तह विभाजन र पदपूर्ति

**७) पद श्रृजना तथा दरवन्दी खारेज :** १) गाउँपालिकामा रहने करार सेवाका नगर प्रहरीका विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी गाउँ सभाले निर्णय गरे वमोजिम हुनेछ ।

२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

**८) नगर प्रहरीमा शुरु नियुक्ति हुने पदहरुः** नगर प्रहरीमा देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा करार सेवामा पदपूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ ।

१) सहायक निरीक्षक १ जना
२) प्रह्री हवल्दार १ जना
३) जवान ३ जना

९) **नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा गाउँपालिकाले नगर प्रहरीका सदस्यको नियुक्ति गर्नेछ ।

**१०) पदपूर्ति गर्ने तरिका :**

१) नगर प्रहरीका सम्पुर्ण पदहरुमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

(२) ऐनको दफा १० (१) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पद मध्ये पच्चीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी प्रदेश लोक सेवा आयोगले निर्धारण गरेको कोटा अनुसार छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(३) दफा १० (३) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**११) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :** (क) नगर प्रहरीको सहायक निरिक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

१) दरखास्त आब्हान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र ३५ वर्ष ननाघेको ।

२) स्वीकृत विश्वविद्यालयबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

७) नेपाल आर्मी, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी मा स्थायी नियुक्ति भइ कम्तिमा ५ वर्ष समान पद वा एक तह कममा सेवा गरेको भएमा उक्त उम्मेदवारलाई पहिलो प्राथिकता दिइनेछ । साथै त्यस्ता उम्मेदवारहरुको लागि उमेरको हद अधिकतम ४० वर्ष कायम हुनेछ ।

ख) नगर प्रहरीको जवान लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

(१) नगर प्रहरीका जवान पदमा नियुक्ति हुन चाहने उम्मेदवारले गाउँपालिकाले तोके वमोजिमको फारम भरी पदपूर्ति समितिमा निवेदन दिनु पर्ने छ ।

(२) ऐनको दफा २० (१) वमोजिम निवेदन दिने उम्मेदरवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ ।

क) जवान पदको लागि १८ वर्ष उमेर पुगेको र २८ वर्ष ननाघेको।

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट दश कक्षा पास गरेको ।

ग) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) राजनीतिक पार्टीको सदस्य नरहेको ।

ङ) नेपाली नागरिक ।

च) नेपाल आर्मी, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी मा स्थायी नियुक्ति भइ कम्तिमा ३ वर्ष समान पद वा एक तह कममा सेवा गरेको भएमा उक्त उम्मेदवारलाई पहिलो प्राथिकता दिइनेछ । साथै त्यस्ता उम्मेदवारहरुको लागि उमेरको हद अधिकतम ३६ वर्ष कायम हुनेछ ।

**१४) पदपूर्ति समिति** :गाउँपालिकाको पदपूर्ति समिति नै नगर प्रहरीका सदस्यको पदपूर्ति समिति हुनेछ । नगर प्रहरीका सदस्यको छनौट प्रकृयामा जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि लाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**१५) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क)ऐनको दफा १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको समान पदको पाठ्यक्रम बमोजिम लागु गर्ने ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

**१६) योग्यताक्रम सूची तयार गर्ने :** (१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यता क्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) दफा ६ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पन्ध्र दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) दफा १६ (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१७) परीक्षणकालमा राखिने :** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरीका सदस्यहरुलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरीका सदस्यहरुले सन्तोषजक काम नगरमा निरिक्षकको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला सदस्यका हकमा ६ महिना मात्र परिक्षण काल रहनेछ । तिन महिना परिक्षणकाल थप गर्न सकिनेछ ।

(२) दफा १७ (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरीका सदस्यको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिनेछ ।

**१९) नियुक्ति सदर :** (१) दफा १७ (१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरीका सदस्यको काम सन्तोषजनक भएमा आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा छुवाई शपथ ग्रहण गराएर मात्र गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतबाट नियुक्ति सदर गरिनेछ

**२२) जेष्ठताक्रम कायम गर्ने :** सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ । जवान सदस्यको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै जेष्ठताक्रम मानिनेछ ।

## परिच्छेद - ५
## सरुवा तथा वढुवा

२३) **सरुवा सम्बन्धी व्यवस्था :** नगर प्रहरीका सदस्यको दरवन्दी गाउँकार्यपालिका कार्यालयमा हुनेछ र सरुवा हुनेछैन ।

२४) **वढुवा गर्ने अधिकारी :** (१)पदपूर्ति समितिको सिफारिसमा ईन्द्रावती गाउँपालिकाले नगर प्रहरीका सदस्यको बढुवा गर्नेछ ।
(१) नगर प्रहरीका सदस्यको बढुवा सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिक हुनेछ ।

## परिच्छेद - ६
## गांउपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

२७) **गांउपालिका प्रशासनको नियन्त्रण रहने :** नगर प्रहरीका सदस्य अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरीका सदस्य गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

२८) **निरिक्षक मार्फत लेखापढी हुने :**गाउँपालिकाले नगर प्रहरीसँग लेखापढी गर्दा सामान्यतया निरिक्षक मार्फत नै गर्नुपर्नेछ ।

२९) **कारवाही गर्दा परामर्श लिने :** कुनै पनि नगर प्रहरीका सदस्यलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार निरिक्षकको राय परामर्श लिन सक्नेछ ।

## परिच्छेद ७
## विदा

३०) **विदा :**(१) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरीका सदस्यलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(२) विदाको किसिमहरु : नगर प्रहरीका सदस्यहरुले देहाय वमोजिमका विदा पाउनेछन।

१)भैपरी आउने र पर्व विदा

२) घर विदा

३)विरामी विदा

४) किरिया विदा

५) प्रसुती विदा

६)सट्टा विदा

(३) विदा अधिकार होइन सहुलियत मात्र हो ।

**३१) विदा नलिई घर वस्ने नगरप्रहरीका सदस्यलाई सेवाबाट हटाउने :**( १) य ऐन वमोजिम विदा नलिई कुनैपनि नगर प्रहरीका सदस्य गैर हाजिर हुन पाउने छैन ।

(२) दफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगरप्रहरीका सदस्यलाई गाउपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

**३२) भैपरी/पर्व विदा :**(१) नगरप्रहरीका सदस्यले प्रत्येक वर्ष १२ दिन नबढाई भैपरी पर्व विदा पाउने छ ।

२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नु परेमा कुनै नगरप्रहरीका सदस्यले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

**३३) घर विदा :**(१) नगर प्रहरीका सदस्यले प्रत्येक साल १२ दिनका दरले घर विदा पाउने छ ।

(२) घर विदामा वसेको कर्मचारीले पूरा तलव, र भत्ता पाउने छ ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नु परेमा कुनै नगर प्रहरीका सदस्यले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

**३४) विरामी विदा :**(१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई

अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम प्रत्येक नगर प्रहरीका सदस्यले विरामी विदा पाउने छ ।

(२) सात दिनभन्दा वढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरीका सदस्यले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश

गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी विदा दिन सक्नेछ ।

(३) कुनै ठूलो वा कडा रोग लागी सो कुरो स्वीकृत चिकित्सकले प्रमाणित गरी दिइएको प्रमाणपत्र पेश गरेमा नगरप्रहरीका सदस्यले वढीमा ४५ दिनसम्म थप विरामी विदा पाउन सक्नेछ ।

(४) दफा (३) वमोजिम लिएको विदाले नपुग भई थप विदा लिनु परेमा नेपाल सरकारले तोकेको मेडिकल वोर्डको सिफारिसमा नगरप्रहरीका सदस्यले असाधारण विदा लिन सक्नेछ ।

(९) निलम्वनमा रहेको नगर प्रहरीका सदस्यले सो अवधिभरको विरामी विदा पाउने छैन ।

**३५) किरिया विदा :**(१) नगर प्रहरीका सदस्य आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगरप्रहरीका सदस्यको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगरप्रहरीका सदस्यले पूरा तलब, र भत्ता पाउनेछ ।

**३६) प्रसूती विदा :**(१) महिला नगर प्रहरीका सदस्य गर्भवती भएमा निजले सुत्केरीको
अघिपछि गरी ९० दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरीका सदस्यले पूरा तलब, र भत्ता पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

**३७) प्रसूती स्याहार विदा :** (१) नगर प्रहरीका सदस्यको पत्नी सुत्केरी हुने भएमा त्यस्तो
सदस्यले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

३) प्रसूति स्याहार विदामा वस्ने सदस्यले पूरा तलब, र भत्ता पाउनेछ ।

४) प्रसूति स्याहार विदा लिने श्रम सेवा दलका सदस्यहरुको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**३८) सट्टा विदा :** कुनै पनि सार्वजनिक विदाको दिन काममा खटीने नगर प्रहरीका सदस्यलाई आलोपालो मिलाई निरिक्षकले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा ३ दिनभन्दा वढी हुने छैन ।

**४२) बिदा माग गर्ने विधि :**(१) विदाको निकासाका निमित्त नगर प्रहरीका सदस्यले आफूलाई चाहिएको विदाको अवधि र कारण खुलाई निरिक्षक मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगरप्रहरीका सदस्यलाई दिनु पर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले दफा (१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तज्बीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

(४) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अघिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ ।

क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिएन भन्ने लागेमा,

ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने लागेमा ।

**४३) विदा दिने अधिकारीः** देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :

| विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १. भैपरी आउने र पर्व विदा | निरिक्षक |

| | |
|---|---|
| २. घर विदा | प्रमुख प्रशासकिय अधिकृत |
| ३. विरामी विदा | प्रमुख प्रशासकिय अधिकृत |
| ४. प्रसूति विदा | प्रमुख प्रशासकिय अधिकृत |
| ५. किरिया विदा | प्रमुख प्रशासकिय अधिकृत |

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

४४) **विदा परिणत नहुने :** यस परिच्छेद बमोजिम नगर श्रमसेवा दलका सदस्यले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

४५) **सार्वजनिक विदा गाभिने :** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी सदस्यले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज प्रह्रीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

४६) **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा नलिई सेवामा अनुपस्थित हुने कर्मचारीलाई गयल र तलवकट्टी समेत गर्न सकिनेछ ।

५१) **झुठो कारण देखाएमा सजाय हुने :** कुनै नगर प्रह्री कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगरश्रमासेवा दलका सदस्य सजायको भागी हुनेछ ।

## परिच्छेद ८
## आचरण

५४) **दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरीले र निजको परिवारका सदस्य समेतले ईन्द्रावती गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी

तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**५५) चन्दा लिन नहुने :** कुनै नगर प्रहरीले ईन्द्रावती गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**५८) व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरीले ईन्द्रावती गांउपालिकाको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

१. कुनै व्यापार गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै व्यवसाय चलाउन ।

**५९) गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने** :नगर प्रहरीले ईन्द्रावती गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा नगरतह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत व्यक्ति वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**६०) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** नगर प्रहरीका सदस्यले ईन्द्रावती गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**६१) गाउँपालिकाको आलोचना :** नगर प्रहरीले कुनै कुराको आलोचना गर्दा ईन्द्रावती गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा ईन्द्रावती गाउँपालिकाका र गाउँपालिकाबासीमा खल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना र सामाजिक संन्जालमा आलोचना गर्नु हुँदैन ।

**६२) निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहृरीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत

दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

६३) **राजनीतिमा भाग लिन नहुने :** कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

६५) **अनुशासन र आज्ञापालन :** (१) नगर प्रहरीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरीकाले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकता साथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

६७) **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह र जातिय भेदभाव गर्न प्रतिवन्धः** नगर प्रहरीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

६८) **समय पालन र नियमितता : नगर प्रहरीले गाउँपालिका कार्यालयले तोकेको समय पालन र नियमितता अनुशरण गर्नु पर्नेछ ।**

## परिच्छेद - ९
## सजाय र पुनरावेदन

६८) **सजाय :** उचित र पर्याप्त कारण भएमा नगरप्रहरीका सदस्यलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।
२. श्रम सजाय गर्ने ।
३. तल्लो तहमा घटुवा गर्ने ।
५. लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।
६. भविष्यमा नगरतहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**६९) नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** नगर प्रहरीका सदस्यले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**७१) दर्जा र तलब घटाउने :** कुनै नगर प्रहरीका सदस्यलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केलमा ओराल्न सक्ने रईन्द्रावती गाउँपालिकालाई हानि नोक्सानी पु¥याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरणसम्वन्धी दफाको वारम्वार उल्लंघन गरेमा ।

घ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

ङ) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

च) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

छ) नपाएको ओहोदा वा पद हो भनि भ्रम श्रृजना गरेमा ।

**७२) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा नगरप्रहरीका सदस्यलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

ख) राजनीतिमा भाग लिएमा

ग) वरावर अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) काममा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

**७३) सजाय सम्बन्धी कार्यविधि :** (१) नगर प्रहरीलाई सजाय सजाय गर्ने अधिकार

प्रमुख प्रशासकिय अधिकृतलाई हुनेछ ।
(२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगरप्रहरीका सदस्यले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगरप्रहरीका सदस्यलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगरप्रहरीका सदस्यसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुनै नगर प्रहरीका सदस्यमाथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरीका सदस्यलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढी हुनेछैन ।
५) उपेन (४) वमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरीका सदस्यलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

**७५) सेवाको अन्त गर्ने :** कुनै नगर प्रहरीका सदस्यलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस`न वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।
क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,
ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहऱ्याएमा,

**७६) पुनरावेदनको कार्यविधि :**(१) ऐन का दफा ७५ अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन
गर्ने सदस्यले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।
(२) पुनरावेदन दिँदा प्रमुख प्रशासकिय अधिकृत मार्फत गांउपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।
(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

७७) **नगर प्रहरीमा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने :** कुनै नगर प्रहरीका सदस्यलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामापुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद १०

## अवकाश, उपदान र निवृत्तिभरण

७८) **अनिवार्य अवकाश :** (१) यो ऐन जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरीका सदस्यको देहाय वमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

क) सहायक निरीक्षक - ५० वर्ष
ख) हवल्दार - ५० वर्ष
ग) जवान ५० वर्ष

(२) उमेरको हद, वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरीका सदस्यले सेवाबाट अवकाश पाउने छ ।

८०) **निवृत्तिभरण :कुनै**पनि नगर प्रहरीका सदस्यलाई निवृत्तिभरण सुविधा दिईने छैन ।

८१) **आकस्मिक वृत्तिः** (१) कुनै नगर प्रहरीका सदस्यले आफ्नो पदको कर्तव्य पालना गर्दा वा तालिमको सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अंगभंग भएको छ वा चोट पटक लागेको छ र नगरश्रमसेवाको लागि अशक्त भएको वा मृत्यु भएको छ भने त्यस्तो नगरप्रहरीका सदस्यको जीविकाको निमित्त बाचुन्जेलसम्म अशक्तवृत्तिको रुपमा उप दफा (२ र ३) मा लेखिएवमोजिम अशक्त भत्ता पाउनेछ ।

(२) नगर प्रहरीका सदस्यकाममा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगरप्रहरीका सदस्यलाई सेवाबाट अवकाश दिईनेछ र निजले ३ वर्षसम्म खाईपाई आएको पुरा तलब भत्ता पाउनेछ ।

(३) नगर प्रहरीका सदस्यकाममा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी मृत्यु भएमा निजको नजिकको हकवालालाई ७ वर्ष वरावरको पुरा तलब भत्ता पाउनेछ ।

(३) कर्मचारीको अशक्तताको निर्धारण गर्न देहाय वमोजिमका समिति रहने छन् :

(१) प्रमुख प्रशासकिय अधिकृत – अध्यक्ष

(२) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल – सदस्य

(३) प्रतिनिधि : सहायक निरिक्षक – सदस्य सचिव

(४) दफा (३) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरीका सदस्यको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ ।

**८५) सन्तति वृत्ति र शैक्षिक भत्ता:** (१) कुनै नगर प्रहरीको सदस्य आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा तत्काल मृत्यु वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने अशक्त भएमा त्यस्तो मृतक वा अशक्त कर्मचारीको प्रत्येक सन्नतिलाई रु. ५०० (पाँच सय) को दरले मासिक सन्तति वृत्ति दिइनेछ । (सन्तति भन्नाले पत्नि, छोरा, छोरी पति लाई जनाउँनेछ )

(२) दफा १वमोजिम वृत्ति सम्वन्धित सन्ततिले २१ वर्षको उमेर पुरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउँनेछ ।

**९०) उपचार खर्च :** (१) कुनै नगर प्रहरीको सदस्य आफ्नो कर्तव्य पालन गर्दा चोटपटक लागि वा विरामी भई अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको विल वमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहतिको प्रेशक्रिप्शनवमोजिम खरिद गरेको औषधि खर्च वाफतको सम्पुर्ण रकम गांउपालिकाले उपलव्ध गराउने छ ।

## परिच्छेद ११

## तलब, भत्ता

**९१) तलब भत्ता :** नगर प्रहरीको सदस्यले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलव र भत्ता गांउपालिकाको गांउसभाले तोके वमोजिम हुनेछ ।

**९४) कायम मुकायम भई काम गरेको तलब भत्ता :** कुनै नगर प्रहरीको सदस्यले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउने छ ।

**९५) अवकाश पाउने कर्मचारी पाउने तलब र राशन :** नगर प्रहरीको सदस्यले राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सोको सूचना पाएको मितिसम्म निजले खाईपाई आएको तलब, भत्ता, रासन र अन्य सुविधासमेत पाउनेछ ।

तर कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगरप्रहरीको सदस्यले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता र रासन पाउने छैन ।

## परिच्छेद १२

## कायम मुकायम र कार्यवाहकको व्यवस्था

**९६) कायम मुकायम मुकरर गर्न सक्ने :** (१) नगर प्रह्रीमा कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन । तर पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिने छ ।

(२) यस ऐनवमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि योग्य भएका मध्येबाट सबै भन्दा जेष्ठ नगर प्रहरीको सदस्यलाई मात्र कायम मुकायम मुकरर गरिनेछ ।

(३) कुनै  नगर प्रहरीको सदस्य जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

**९७) कायम मुकायम गर्ने अधिकारी :** (१) नगर प्रहरीको सदस्यलाई कायम मुकायम

मुकरर गाउँपालिका प्रमुख प्रशासकिय अधिकृतले गर्ने ।

(२) दफा (१) वमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ  नगरप्रहरीको सदस्यलाई कार्यवाहक तोकिने छ ।

(३) दफा (१) वमोजिम कार्यवाहक भई काम गर्न तोकिएको  नगर प्रहरीको सदस्यले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

**९८) निमित्त भई काम गर्ने व्यवस्था :** (१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाध्ने गरी कुनै कारणल ेसहायक निरिक्षक अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ  नगर प्रहरीको सदस्यले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने  नगर प्रहरीको सदस्यको हुनेछ ।

**९९) एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने :** कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

**१००) काम गरेको अवधिको तलब भत्ता :** (१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने  नगर प्रहरीको सदस्यले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ । तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब र भत्ता दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब र भत्ता दिइने छ ।

## परिच्छेद १३

## तालिम

१०१) **तालिम को व्यवस्था :** नगर प्रहरीको सदस्यलाई कार्यकुशल एवं दक्ष तुल्याउन ईन्द्रावती गाउँपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

१०२) **तालिम संचालन हुने स्थान :तालिमको** स्थान ईन्द्रावती गाउँपालिकाले तोकिएको स्थानमा हुनेछ ।

१०४) **तालिमको अनिवार्यता :** (१) नगर प्रहरीमा रहेका सबै  नगर प्रहरीको सदस्यलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको  नगर प्रहरीको सदस्यले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

१०५) **तालिमको पाठ्यक्रम :** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न निरिक्षक समेत रहने गरि एक समितिको गठन हुनेछ ।

## परिच्छेद १४

## पोशाक

११४) **पोशाक :**  नगर प्रहरीको सदस्यको पोसाकको रंग र किसिम र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

११५) **प्रारम्भिक पोशाक र सामान :** प्रत्येक  नगर प्रहरीको सदस्यलाई वार्षिक रुपमा अनुसूचिमा तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

११६) **सेल्टरको व्यवस्था :** प्रत्येक वडामा  नगर प्रहरीको सदस्यहरुको आवासको रुपमा प्रयोगमा आउने गरि सेल्टरको व्यवस्था गरिनेछ । उक्त सेल्टरको लागि अनुसूचिमा तोके बमोजिमको व्यवस्थापकिय सामाग्री उपलब्ध गराईनेछ ।

# परिच्छेद १५

## विविध

**१२०) विभागीय आदेश र निर्देशन :** ऐन र यस ऐन परिधिभित्र रही देहायका विषयमा निरिक्षकले प्रमुख प्रशासकिय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको  नगरप्रहरीलाई नियन्त्रण गर्न विषय

(ग) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(घ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**१२१) पुरस्कार :**गांउपालिकाले  नगर प्रहरीको सदस्यले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो  नगर प्रहरीको सदस्यहरुलाई गाउँ सभाको निर्णयअनुसार पुरस्कार स्वरुप रकम उपलब्ध गर्न सक्नेछ ।

**१२३) अन्य सुविधा तथा व्यवस्था :** (१) ईन्द्रावती गाउँपालिकाले  नगर प्रहरीको सदस्यलाई दिईने अन्य सुविधाहरु तोके बमोजिम हुनेछ ।

**१२४) बाधा अड्काउ फुकाऊ : ईन्द्रावती** गाउँपालिका कार्यालयमा कार्यरत  नगर प्रहरीको सदस्यहरुको सेवा, शर्त, सुविधा र संचालन यसमा व्यवस्था भएको हदसम्म यसै बमोजिम हुनेछ ।

**१२५) खारेजी तथा वचाउः** यस अघिको नगर प्रहरी संग सम्बन्धित ऐन यसै ऐन मार्फत खारेज गरिएको छ । र यस अघि भए गरेका निर्णयहरु यसै ऐन बमोजिम भएको मानिनेछ । साथै थप व्यवस्था गर्न कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

**१२६) ऐनको  संशोधन :** यस ऐनमा आवश्यक संशोधन ईन्द्रावती गाउँपालिकाको गाउँसभा बाट गर्न सकिनेछ ।

प्रमाणिरण मितिः २०७९/०९/०९

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत